नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, पुस ९ गते, २०७५ साल (अतिरिक्ताङ्क ३२

भाग ५

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

सूचना

नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग अन्तर्गतका धनगढी, सुर्खेत, बुटवल, पोखरा, जनकपुर र विराटनगरमा रहेका श्रम तथा रोजगार कार्यालयहरुलाई आफ्नो क्षेत्राधिकार भित्र रही वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने गरी देहाय बमोजिमका अधिकारहरु प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छः-

(१) वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ बमोजिम वैदेशिक रोजगारमा कामदार पठाउन निश्चित सङ्ख्यामा माग

निर्धारण गरी पूर्व स्वीकृतिका लागि प्राप्त निवेदन लिने र पूर्व स्वीकृति दिने।

(२) वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ बमोजिम विज्ञापन गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी सत्य तथ्य बुझ्ने ।

(३) वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ बमोजिम तोकिएको सङ्ख्यामा नबढ्ने गरी श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि निवेदन लिने र श्रम स्वीकृतिको निस्सा (स्टिकर) दिने।

(४) वैदेशिक रोजगार ऐन, २०६४ को दफा २१ बमोजिम वैदेशिक रोजगारको लागि व्यक्तिगत रुपमा विदेश जान चाहनेहरुबाट निवेदन लिने र विभागको प्राप्त निर्णय वा अधिकार प्रत्यायोजन भए अनुसार स्वीकृति दिने।

(५) वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३४ बमोजिम इजाजतपत्र वालाका शाखा कार्यालयहरुको अनुगमन तथा निरिक्षण गर्ने।

(६) वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४७ र ४८ मा उल्लिखित व्यवस्थाको पालना गरे नगरेको अनुगमन गर्ने।

आज्ञाले,

महेश प्रसाद दहाल

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३